# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५
मिति : २०७९।१२।०६

# प्रेस बिज्ञप्ति

**मधेशी आयोगको ४ बर्ष**
**"जहाँ समस्या त्यही मधेशी आयोग,त्यही निदान र समाधान "**

विविध भौगौलिक संरचनागत तथा जातीय एवम् बर्गीय विविधता भएको मुलुक नेपाल हो। विश्वका उच्चतम शिखर "सगरमाथा " एवम् सबभन्दा होचो स्थान "मुखियापट्टि मुसहरनिया" भएको मुलुक नेपाल हो। विविधता बीचको एकताको सुन्दरतम साक्षी मुलुक नै नेपाल हो र, विश्वशान्तिका अग्र व्यक्तित्व "गौतम बुद्ध" जन्मेको मुलुक र देहरहितका राजा "विदेह जनक" नेपालकै हुन्। विश्वको प्रथम गणतान्त्रिक मुलुक मिथिला नै रहेको थियो जहाँ प्रत्येक मानिसको मानवअधिकार पूर्णरुपेन सुरक्षित र संरक्षित थिए।
विविध समुदायहरुको प्रकृति प्रदत अधिकारहरुलाई संरक्षित गर्नका लागि नेपालको संबिधान २०७२ ले विभिन्न अधिकारमुखी संबैधानिक आयोगहरु गठन गर्ने परिकल्पना अनुसार नेपालको संविधानको भाग-२७ मा रहेको "अन्य आयोगहरु " मध्ये धारा २६२ मा मधेशी आयोग रहेको छ। यस आयोगको विधिबत संचालन २०७५ चैत्र ७ गते देखि आयोगको अध्यक्षको नियुक्ति भएपछि भएको हो। हुनत: कार्यालय स्थापनाको निर्णय २०७५ कार्तिक महिना देखि नै भएको थियो। बिश्वब्यापी मानवअधिकारका सिद्धान्त र सर्बोच्च अदालतको मिति २०७१/११/२५/२ को फैसला/परमादेश अनुसार यो आयोग गठन गर्न नेपाल सरकार बाध्य भएको हो।
कुनै पनि व्यक्ति वा समुदायको मानवाधिकार अहरणीय तथा जन्मशिद्ध नै हुन्छन। सम्भवत: यी अन्तराष्ट्रिय सिद्धान्तलाई सिरोधार्यगरी "मधेशी आयोग" को स्थापना भएको छ वा होला? मधेशी आयोगको प्रस्तावनानुसार मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, सो समुदायको हकहितको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नु नै मुलत: उद्देश्य रहेको छ।



Scanned with CamScanner

राज्यले मधेशी आयोग गठन गरे तर मधेश के हो? मधेशी को को हुन् ? मधेशीको जनसंख्या कति हो? मधेशीको राज्यमा पहुँच के-कति हो ? भन्ने कुरा कुनै उपलब्ध थिएन। आयोगको क्षेत्राधिकार लाई अक्षरश: पालना गर्दै र मधेशी समुदायको जनआकांक्षा अनुसार, मधेशको परिभाषा, मधेशी समुदायमा १५० वटा जात र २२०० भन्दा बढी थरहरु, २०६८ को जनगणना अनुसार मधेशी समुदायको खण्डीकृत जनसंख्या जुन २०७८ को जनगणना अनुसारको अद्याबधिक हुन बाँकि रहेको छ र यी कार्य सम्पादन भएका छन्। मधेशी समुदायको राज्यमा के कति पहुँच छ को समेत आयागले अध्ययन गरेको छ। यी कार्यहरु "कालजयी" भएका छन। आयोगको स्थापना वर्षमै मधेशी मुदायको वर्ग पहिचान (विपन्न, अतिविपन्न, मध्यम, सम्पन्न र सुसम्पन्न) गरि अध्ययनगरि नेपाल सरकारलाई सफारिस गरिसकेको छ भने मधेशी समुदायको अचेतना/चेतनाको कमी रुपान्तरणमा व्यापक समस्या, सशक्तीकरण आकाशमा पाकेको "बेल" भएको र पहुँचमा लगभग अतिविपन्न र विपन्न वर्गको शुन्यता पहिचान गरी सिफारिस गरिसकेको यर्थाथ चित्र रहेको छ। आयोगलाई सकेसम्म प्रविधिमैत्री आयोग बनाइएको छ र प्रविधि पहुँचमा सन्तोषजनक अवस्था रहेको छ।

मधेशी समुदायका बालबालिकाहरुको संरक्षण र नैतिक प्रवर्धनका लागि "नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा" विभिन्न प्रदेशका र जिल्लाहरुका विद्यालयमा संचालित भएका छन् राज्यमा प्रभवकारी पहुँचका लागि "सरकारी सेवामा मधेशी समुदायको पहुँच" कार्यक्रमहरु सीमावर्ती विद्यालयहरुमा अभिमुखीकरण कार्यक्रमहरु गरिएका छन्। यी कार्यक्रमहरुबाट लक्षितवर्ग लाभाम्वित भएका छन्, भने केही स्थानीय तहहरुले यी कार्यक्रमहरु पालिकास्तरमै संचालन नै गरेका छन्। मधेशी आयोगको ऐन २०७४ को दफा ७ अनुसार मधेशी समुदायमा व्याप्त अन्धविश्वास, कुरीति, अशिक्षा, गरिवी, दाइजोप्रथा, लैङ्गिक विषमता, गर्भ परिक्षणपछि छोरीलाई गर्भपतन गरि मार्ने, खुल्ला सिमाका असंख्य चुनौतीहरु, सामाजिक तथा साँस्कृतिक, धार्मिक तथा जातीय उन्माद, जातीय भेदभाव, अनमेल विवाह नागरिकता विहिनता सहितका तत्कालीन तथा दीर्घकालीन समस्याहरुलाई न्यूनीकरण गर्न आयोग अहोरात्र कार्य गर्दै आएको छ। वैदेशिक रोजगारको कारणबाट सृजित समस्याहरुको न्युनीकरण गर्न आयोगले पहल गर्दै आएको छ।

लोकतन्त्रको महान पर्वको रुपमा निर्वाचनलाई भन्ने गरिन्छ। २०७९ साल बैशाख ३० गते र मंसीर ४ गतेको निर्वाचनलाई आयोगले निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पछिको अवस्थालाई अनुगमन, समीक्षा र



Scanned with CamScanner

मुल्याङ्कन गरेको छ । निर्वाचनलाई जनताको जनमुखी निर्वाचन हुनुपर्दछ भन्ने अनुगमनबाट देखियो । यसको विस्तृतरुप मधेशी आयोगको पाँचौं वर्षको प्रतिवेदन मार्फत फेरि आउने नै छ । तर, निर्वाचन प्रणाली र निर्वाचनको रुप र स्वरुपमा परिवर्तन गर्नु लोकतन्त्रको लागि अत्यावश्यक रहेको देखिन्छ ।

विज्ञहरुको रोष्टरद्वारा विज्ञताको लाभ आयोगले समय समयमा प्राप्त गर्ने गरेको छ । अवस्था अनुसार व्यवस्थाको सिद्धान्त अनुसार काम गर्नु बाध्यात्मकता रहेको छ । आयोगको स्थापना कालदेखिको लगातार चार आर्थिक वर्षमा शुन्य वेरुजु कायम गरि सर्वोत्कृष्ट भई पुरस्कृत समेत भएको छ । राज्यको अष्टबके दृष्टीको कोपभाजनमा यो मधेशी आयोग परेको छ । यो आयोग न्यूनतम बजेटको अवस्थामा रहेकै थियो त्यसमा पनि २०७९ माघ १७ गतेको अर्थमन्त्रालयका परिपत्रले सम्पूर्ण कार्यक्रमहरु रोकिएका छन् । यसले आयोगलाई दामविहिन र कामविहिन बनाएको छ । समुदायको अपेक्षाको चाङ्ग नै रहेको छ । उजुरीको चाङ्ग नै रहेको छ । प्राप्त उजुरीहरुलाई अनुसन्धान गर्ने अधिकार आयोगलाई कानुनले दिइएको छैन । तथ्य सत्यको प्रमाणीकरण स्थलगत अनुगमनबाट मात्र हुने यथार्थता रहेतापनि शुन्य बजेटको कारण सबै रोकिएका छन् । नेपाल सरकारले तत्कालै रोकिएका बजेट फुकुवा गर्नुपर्ने आवश्यकता देखिन्छ । मधेशी समुदायको भाषा, कला, लिपि, साँस्कृतिक स्थलहरुको संरचना एवं विश्व सम्पदामा सूचिकृत गर्ने कार्यको विवरण आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ ।

स्रष्टाहरुको जीवनवृतिको सम्बन्धमा आवश्यक व्यवस्थापनको लागि आयोगले सिफारिस गरेको छ । थर सूचिकरणको प्राथमिक अध्ययन हुनुपर्ने र सोको लागि पञ्चवर्षिय योजना निर्माण गरी नेपाल सरकारलाई पटक पटक पठाई ताकेता गरेतापनि सरकारको कुम्भकरणीय निन्द्रा कहिले तन्द्रामा परिणत हुने हो ? थाहा छैन ।

यो आयोगलाई संवैधानिक रुपमै लङ्गरो बनाइएको हो । संविधानमा आयोगको काम कर्तव्य र अधिकार उल्लेखित गरिएको छैन । अनावश्यक रुपमा ऐनमा संशोधन गरी कर्मचारीको दरबन्दी न्यून बनाइएको र सचिवलाई प्रथम श्रेणीमा परिणत गरी दरिद्र सरकारी उदासीनता र सोचको राजकीय चरित्र प्रस्तुत भएको देखिन्छ । स्रोत साधन शुन्य बनाइएको छ । आयोगको अगाडि "राष्ट्रिय" शब्द समेत राखिएको छैन । यसबाट राष्ट्रिय मधेशी आयोग "राष्ट्रिय" बन्न नसकि मधेशी आयोग मात्र बनेको छ । आयोगलाई अझैपनि भाडाकै सानो घरमा बस्नुपर्ने बाध्यात्मक अवथा रहेको छ । दक्ष मानव संसाधनको व्यापक अभाव रहेको छ ।



Scanned with CamScanner

# मधेशी आयोग

ज्वागल, ललितपुर

मधेशी आयोग ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

शिखरकै उँचाईमा रहेका चूनौतीको चाँङ्गलाई छिछोल्दै आयोगले नागरिक समाजको समन्वय र सहकार्यमा प्राप्त जिम्मेवारीहरुलाई माटोको सुगन्धलाई अझ वढि सुगन्धित हुनेगरी कार्य गरेको छ र गरीरहने छ। आयोगको स्थापनाका ४ वर्ष अत्यन्तै जटिल आरोह अवरोहले भरिएतापनि "गुलाफ फूल" को सौन्दर्यता काँडा सहितमा हुन्छ भन्ने भावना अनुसार आयोगले चुनौतीहरुका माझ सुगन्धित वासना सर्वत्र फैलाईरहेको छ, र अझवढी सामाजिक तथा साँस्कृतिक एकताको लागि कार्य गर्ने नै छ।

विश्वास छ, यहाँहरुको सहयोग अझ बढि प्रभावकारीरुपमा यो आयोगले पाउने नै छ। अन्त्यमा, आयोगका माननीय सदस्यहरु, कर्मचारीहरु तथा अग्रज, अनुज, शुभेच्छकज्यूहरुमा हार्दिक आभार।

"सशक्त र जनमुखी सहकार्य र संयोग, निस्तेज पार्छ सबै प्रकारका वितृष्णा र वियोग।"

जय नेपाल,
जय नेपाली।

डा. विजयकुमार दत्त
(अध्यक्ष)
मधेसी आयोग

Email: madheshicommission@gmail.com

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

आयोगको हेल्पलाईन नं. ११४८

Scanned with CamScanner